# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, माघ २९ गते २०६० साल (अतिरिक्ताङ्क ६४ (ख+१)

## भाग ३

### श्री ५ को सरकार
### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी सिन्धुपाल्चोक जिल्लाका हेलम्बु, तिम्बुध्याङगुल, इचोक, मेलम्ची, किउल, महाकाल, लिसंखु, ढोकर्पा, राम्चे, फुल्पिङकोट, स्याउले, गुम्बा, नवलपुर, तौथली, गोलाङखोला, ठूलोधादिङ, ज्यामिरे र सिन्धुकोटसमेत १८ गाउँ विकास समितिमा रहेका गुठी जग्गा दर्तासम्बन्धी समस्या समाधान गर्न देहायबमोजिमको एक समिति गठन गरी समितिको काम, कर्तव्य, अधिकार र कार्य बिधि देहायबमोजिम तोकेको छ ।

१. समितिको गठन: समितिको गठन देहायबमोजिम हुनेछ:–

(क) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक –अध्यक्ष

(ख) प्रतिनिधि, जिल्ला विकास समिति, सिन्धुपाल्चोक –सदस्य

(ग) प्रमुख, नापी शाखा, सिन्धुपाल्चोक –सदस्य

(घ) अधिकृत प्रतिनिधि, गुठी संस्थान –सदस्य

(ङ) मालपोत अधिकृत, मालपोत कार्यालय सिन्धुपाल्चोक –सदस्य-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४८

२. समितिको काम, कर्तव्य र अधिकारः- (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) दर्ता हुन बाँकी विभिन्न गुठीका जग्गाको साविकको गुठी लगत तथा हकभोग र प्रमाणको छानबिन गरी गुठी जग्गा कमाउने मोही किसानको नाममा गुठी अधिनस्थमा दर्ता गरी दिने ।

(ख) गुठी जग्गा दर्ता गर्दा जग्गा धनीमा सम्बन्धित गुठीको नाम र मोहीमा जग्गा कमाउने सम्बन्धित किसानको नाम उल्लेख गरी गुठी अधिनस्थमा दर्ता गरिदिने ।

(ग) सरकारी, सार्वजनिक र रैकर जग्गाबाहेक गुठी जग्गा मात्र छानबीन गरी दर्ता गर्ने ।

(घ) जग्गा दर्ताको क्रममा रैकर र गुठी जग्गामा विवाद परेमा छानबिन गरी निर्णय गर्ने ।

(ङ) जग्गा दर्ता गर्ने क्रममा द्विविधा उत्पन्न भै निर्णय गर्न समस्या देखिएमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाउने ।

(२) समितिको निर्णयको आधारमा सदस्य-सचिवले सोहीअनुसार स्रेस्ता पूर्जा प्रमाणित गर्नुपर्नेछ ।

(३) समितिले जग्गा दर्ताको कार्य सम्पन्न भए पछि सो सम्बन्धी स्रेस्ता कागजातहरू सम्बन्धित मालपोत कार्यालय तथा नापी शाखामा बुझाउनुपर्नेछ ।

३. समितिको बैठक र निर्णयः (१) समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(२) समितिको निर्णय बहुमतको आधारमा हुनेछ ।

४. समितिको कार्यविधिः समितिले आफ्नो कार्यविधि आफैं तय गर्नेछ ।

५. समितिको कार्यालयः समितिको कार्यालय मालपोत कार्यालय सिन्धुपाल्चोकमा रहनेछ ।

६. समितिको कार्य अवधिः समितिको कार्य अवधि समितिले काम शुरु गरेको मितिले ६ महिनाको हुनेछ ।

आज्ञाले,
विजयराज भट्टराई
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४८